भक्तपुर जिल्ला अदालत

भक्तपुर

मिति २०७८।३।१० मा प्रकाशित सूचना

सूचना।    सूचना।।    सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि स्थानिय प्रशासनबाट मिति २०७८।१।१६ मा निषेधाज्ञाको आदेश जारी भई यस अदालतबाट सम्पादन हुने सेवाप्रवाहलाई संकुचन गरिएकोमा पछिल्लो समयमा भएको सरोकारवालाहरुसंगको छलफल र परामर्शबाट सहमति भए बमोजिम यस अदालतको मिति २०७८।३।१० को निर्णयानुसार निषेध आदेशमा सुचारु गरिएका सेवालाई निरन्तरता दिंदै मिति २०७८।३।१३ गतेबाट लागू हुने गरी देहाय बमोजिमको सेवा प्रवाह सुचारु गर्ने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

<u>तपसिल</u>

१. बन्दीप्रत्यक्षीकरणको निवेदन लगायत अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश र सो सम्बन्धी सुनुवाई, म्याद थप,पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, CDR को स्वीकृति ,घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता, मुद्दा फिर्ता, डिसमिस, तामेली, मिलापत्र, बालसुधार गृहमा रहेका बालबालिकाको निवेदन दर्ता र सुनुवाइ तथा सजाय निर्धारण सम्बन्धी कामकारवाहीलाई निरन्तरता दिने।
२. मिति २०७८।२।३० देखि प्रतिवादी थुनामा रहेका विशुद्ध थुनुवा भएका मुद्दाको सुनुवाइ गरिएकोमा सो को सुनुवाइलाइ निरन्तरता दिने।
३. मिति २०७८।३।१३ गते आइतबार देखि केही प्रतिवादी थुनामा र केहि प्रतिवादी तारेखमा रही अङ्ग पूगेका मुद्दाको तारेखमा रहेका प्रतिवादीहरुले अदालतमा उपस्थित भइ मुद्दा सुनुवाइ होस भनी अनुरोध गरेमा त्यस्ता थुनुवा मुद्दाको सुनुवाइ हुने।
४. देवानी मुद्दामा तारेखमा रहेका दुबै पक्षहरुको निवेदन परी मुद्दा सुनुवाइ होस भनी निवेदन साथ अनुरोध गरेमा त्यस्ता मुद्दाको सुनुवाइ हुने।
५. फैसला कार्यान्वयन सम्बन्धी ५ थान निवेदन दर्ता हुने र दुबै पक्ष उपस्थित भएमा मिलापत्र हुने। दर्ता गर्न आउने दिनको १०.०० बजे देखि ११.०० बजे भित्र सम्बन्धित शाखाबाट अग्रीम टोकन लिइसक्नु पर्ने। ।

भक्तपुर जिल्ला अदालत

६. मिति २०७८।३।१३ देखि दिनमा बढीमा ५ वटा फिरापत्र र प्रतिउत्तरपत्र दर्ता गर्ने। सो को लागि सेवाग्राहीले १०.०० बजे देखि ११.०० बजे भित्र सम्बन्धित शाखाबाट टोकन लिइसक्नुपर्ने।

७. विशेष प्रकृतिको निवेदनमध्ये अधिकृत वारेसनामा दैनिक ५ (पाँच) थान दर्ता गरी प्रमाणित गरिदिने र दर्ताद्वारा विवाह सम्बन्धी निवेदन दैनिक २ (दुइ) थान दर्ता गरी सुनुवाइ हुने। दर्ता गर्न आउने दिनको १०.०० बजे देखि ११.०० बजे भित्र सम्बन्धित शाखाबाट अग्रीम टोकन लिइसक्नु पर्ने। माथि उल्लेख गरिए बाहेकका कामकारवाही र सेवा प्रवाहको स्थगनलाई निरन्तरता दिने।

८. निषेधाज्ञा अवधिको म्याद,हदम्याद र तारेख थाम्ने सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको मिति २०७८।१।१४ को पूर्ण बैठकको निर्णय एवं बृहत पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिमको सुविधामा प्रतिकूल असर नपर्ने गरी देहाय बमोजिम हुने ।

क. सार्वजनिक यातायातका साधन सञ्चालनमा आइनसकेको सन्दर्भमा यस अदालतमा हदम्याद,म्याद र तारेखमा उपस्थित हुनुपर्ने काठमाण्डौं उपत्यकाभित्रका सेवाग्राहीहरु निषेधाज्ञा समाप्त भएको मितिले बाटाका म्याद बाहेक ३० दिनभित्र उपस्थित हुने।

ख. काठमाण्डौं उपत्यका बाहिरका हदम्याद,म्याद र तारेखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरुका हकमा निषेधाज्ञा समाप्त भइ अन्तर जिल्ला सार्वजनिक यातायातको साधन सञ्चालनमा आएको मितिले बाटाका म्याद बाहेक ३० दिनभित्र उपस्थित हुने।

९. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

१०. स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरु सबैले अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने।

११. जोखिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर जिल्ला बार एशोसियसन लगायतका सरोकारवालाहरुसंग छलफल गरी सेवा प्रवाहमा विस्तार/संकुचन तथा दर्ता र सुनुवाई विधिमा पुनरावलोकन गर्दै जाने ।

सेरेस्तेदार